# कोहलपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## लुम्बिनी प्रदेश, बाँके

**प्रथम पटक प्रकाशित मिती : २०७८/११/०५ गते**

## पत्रपत्रिकामा विज्ञापन एवं सूचना प्रकाशन गर्ने सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हान गरिएको सूचना

यस नगरपालिकाले चालु आर्थिक वर्षको असार मसान्त सम्म र सो पश्चात एक वर्षको म्याद थप हुने गरी राष्ट्रिय दैनिक पत्रिकामा प्रतिशपर्धा मार्फत सबै भन्दा बढी छुट कबुल गर्ने फर्मबाट बिज्ञापन/सुचना प्रकाशन कार्य गर्नु पर्ने भएकाले सो सम्बन्धी कार्य गर्न ईजाजत प्राप्त ईच्छुक विज्ञापन एजेन्सी वा फर्महरुबाट प्रस्ताव पेश गर्न यो १५ दिने सूचना प्रकाशन गरिएको छ ।यस विषयमा विस्तृत जानकारी यस कार्यालयको वेवसाइट www.kohalpurmum.gov.np मार्फत लिन सकिने छ। प्रस्ताव सूचना प्रकाशित मितिले १५ दिनभित्र नगरपालिकाको खरिद ईकाईबाट पछि फिर्ता नहुनेगरी रु १००० तिरेर खरिद गर्नसकिने र १६ औं दिन दिनको १२ बजे भित्र दर्ता गर्नुपर्नेछ। सो सम्बन्धी थप बुझ्नु परेमा नगरपालिकाको खरिद ईकाईमा सम्पर्क गर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

कोहलपर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

प.सं. : - ०७८/०७९
च.नं. : -

**पत्रपत्रिकामा विज्ञापन एवं सुचना प्रकाशन गर्ने सम्बन्धी विस्तृत विवरण**
**प्रथम पटक प्रकाशित मिति २०७८/११/०५**

शर्तहरु

१. शिलवन्दी दरभाउपत्रका साथ कृषि विकास बैंक कोहलपुर शाखामा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता नं ०७२०५०१०००२३५३६५ मा (फिर्ता नहुने गरि) रु १०००/ (अक्षरुपी एक हजार रुपैया मात्र) दाखिला गरेको सक्कल बैंक भौचर सहित क्रमशः नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, फर्मदर्ता नविकरणको प्रतिलिपि, स्थायी लेखा नम्बर (प्यान)/ मूल्य अभिवृद्धि कर(भ्याट) प्रमाणपत्रको प्रतिलिपि, आव २०७७/०७८ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने छ।

२. शिलबन्दी दरभाउपत्र यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयको खरिद शाखाबाट प्राप्त गर्न सकिनेछ। रितपूर्वक दाखिला भएका दरभाउपत्रहरु १६ औं दिनमा दिनको १२.०० बजे यस कार्यालयमा दरभाउपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ। दरभापत्र वा निजको प्रतिनिधि अनुपस्थितिमा समेत शिलबन्दी दरभाउपत्र खोल्न कुनै बाधा पुग्ने छैन।

३. शिलबन्दी दरभाउपत्र पेश गर्दा BOQ मा सहीछाप गरि रकम अंक र अक्षरमा स्पष्टसँग उल्लेख गर्नुपर्ने छ यसरी उल्लेख गरिएको रकम अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख गरिएको रकमलाई मान्यता दिइने छ साथै शलबन्दी दरभाउपत्र लाहाछाप लगाई पेश गर्नुपर्ने छ।

४. BOQ को न्यूनतम एक आइटम भर्नुपर्नेछ र नभरेको आइटम मा खालि नराखि नभरेको भनि लेख्नुपर्ने छ।

५. स्वीकृत हुने दरभाउपत्र दाताले विज्ञापन सूचना प्रकाशनको कार्यगर्दा छपाईमा दिनु पूर्व इमेलमार्फत साइज र सूचना नगरपालिकाको कार्यालयबाट एकिन गराउनु पर्नेछ।

६. चालु आ.व. मा स्वीकृत दररेट नै आगामी आ व मा समेत कार्य गर्नुपर्नेछ।

७. सवैभन्दा बढी छुट दिने दरभाउपत्र दातालाई छनौट गरिनेछ।

८. शिलबन्दी दरभाउपत्र साथ बिडवण्ड बापत रु ६०,०००। (अक्षरुपी साठी हजार रुपैया मात्र) यस कार्यालयको कृषि बिकास बैंक कोहलपुर शाखामा रहेको धरौटी खाता नं ०७२०५०१०००२३५२१७ मा जम्मा गरेको सक्कल भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारि गरिएको सक्कल बिडवण्ड पेश गर्नुपर्नेछ र मान्य अवधि ७५ दिनको हुनु पर्नेछ ।

९. कारण जनाई वा नजनाई ठेक्का रद्द गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नगरपालिकामा निहित रहनेछ।

१०. यस सूचनामा उल्लेख नभएका अन्य विषयमा प्रचलित ऐन, नियम तथा कानून बमोजिम हुनेछन।

११. थप जानकारी आवश्यक भएका यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

**" हरित संगमस्थल हाम्रो शहर , सुन्दर समृद्ध कोहलपुर नगर "**

वेब साइट : www.kohalpurmun.gov.npई-मेल : kohalpurmun@gmail.comफोन नं. ०८१-५४०००९
info@kohalpurmun.gov.np०८१-५४०३१८